# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

युएनआई शान्तिमार्ग, काठमाडौं

## आ.प्र., खुला तथा समावेशी तर्फको लिखित परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना

| निकायः | श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) | विज्ञापन प्रकाशित मितिः | २०७७/११/२१ | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०७८/०५/२१ |
|---|---|---|---|---|---|

नेप्सेको पूर्व प्रकाशित विज्ञापन अनुसार आ.प्र., खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षाको कार्यक्रम देहाय बमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनभन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) मा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/तह | लिखित परीक्षा मिति र समय | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | | देखि | सम्म |
| १ | ६/०७७-७८ | आ.प्र. | प्रबन्धक, १० | २०७८ असोज १३ गते दिनको २:३० बजे | २०७८ असोज १४ गते दिनको २:३० बजे | १ | श्री लोक सेवा आयोग, अनामनगर। | ६०१ | ६०१ |
| २ | ११/०७७-७८ | खुला | आईटी अधिकृत (प्रा.), ६ | | | ६१ | | २०१ | २६१ |
| ३ | ७/०७७-७८ | आ.प्र. | सहायक प्रबन्धक, प्रशासन, ८ | २०७८ असोज १७ गते दिनको २:३० बजे | २०७८ असोज १८ गते दिनको २:३० बजे | ४ | श्री लोक सेवा आयोग, अनामनगर। | ४०१ | ४०४ |
| ४ | ९-१०/०७७-७८ | खुला तथा महिला | अधिकृत, प्रशासन, ६ | | | ८८ | | १०१ | १८८ |

**द्रष्टव्यः**

**प्रवेशपत्र मिति २०७८/०६/०४ गतेदेखि नेप्से कार्यालयवाट वितरण गरिनेछ। प्रवेशपत्र लिन आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ। प्रवेशपत्र लिन स्वयं उपस्थित हुन नसक्ने भए उम्मेदवारले अनिवार्यरुपमा मन्जुरीनामा दिनु पर्नेछ। स्वीकृत उम्मेदवारहरुको नामावली नेप्सेको वेवसाइटमा प्रकाशित गरिएको छ।**

१. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।

३. परीक्षा भवनमा झोला, मोबाइल फोन तथा अन्य इलोक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध गरिएको छ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ।

७. आयोगबाट जारी भएको संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेस्रो संशोधन) को पालना गरी परीक्षा सञ्चालन गरिनेछ।

८. परीक्षार्थीहरु सबैले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) को वेभ साइटमा गई विद्युतीय माध्यमबाट कोभिड सम्बन्धी स्वयम् घोषणा फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ।

९. कोभिड-१९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) मा अग्रिम रुपमा गराउनु पर्नेछ।

**कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले अनिवार्य रुपमा मास्क लगाई आफ्नो प्रयोजनको लागि स्यानिटाइजर र खानेपानी समेत लिई आउनु पर्नेछ।

२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा १ घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ।

३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन २ (दुई) मिटरको दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ।

४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।

५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ।